कार्यक्रम : वाग्मती किनारका सुकुम्वासी वस्तीका महिला तथा बालबालिकाको अवस्था विषयक छलफल

मिति : २०६८/१०/ २२ गते,

मिति २०६८/१०/ २२ गतेका दिन राष्ट्रिय महिला आयोग, आरेक नेपाल र महिला मानव अधिकार रक्षक राष्ट्रिय संजालको संयुक्त आयोजनामा वाग्मती किनारका सुकुम्वासी वस्तीका महिला तथा बालबालिकाको अवस्था विषयमा छलफल कार्यक्रम भएको थियो । कार्यक्रममा मानव अधिकार आयोग, भौतिक योजना मन्त्रालय, यूएन पार्क, प्रहरी प्रधान कार्यलय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, सुकुम्बासी मोर्चा, पत्रकार महासंघ र जिल्ला प्रशासन कार्यलयबाट उच्च पदस्थ व्यक्तित्वहरूको उपस्थिति थियो ।

कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्दै राष्ट्रिय महिला आयोगका सदस्य मोहना अनसारीले वाग्मती लगायत नदी किनारमा बस्दै आएका सुकुम्बासीहरूलाई उठिबास लगाउने सरकारको निर्णय विल्कुलै उचित नरहेको उल्लेख गर्दै हरेक महिला तथा बालबालिकाको गाँस, बास र कपासको व्यवस्थाप्रति राज्य जिम्मेवार हुनुपर्छ भन्ने कुरामा पनि जोड दिनुभयो ।






कार्यक्रममा ओरेक नेपालद्वारा वाग्मती किनारका सुकुम्वासी वस्तीका महिला तथा बालबालिकाको अवस्थाको अध्ययनमा आधारित एक कार्यपत्र प्रस्तुत भएको थियो । ओरेक नेपालले वाग्मती किनारमा रहेका तत्काल उठीबास गर्नेमा छनौटमा परेका १३ वस्तीहरूमाभ्र स्थलगत अध्ययन गरेको थियो । कार्यपत्रले सुकुम्वासी वस्तीका महिला तथा बालबालिकामाथि परेको असरको स्पष्ट चित्रण गरेको थियो । महिला तथा बालबालिका दिनहुँ डोजर आएर घर भत्काउँछ भन्ने त्रासले गर्दा मानसिक पीडामा परेका, बालबालिकाको पढाइमा पनि ठूलो असर परेको र यही त्रासले सुकुम्वासीहरू घरबाट बाहिर जानबाट वञ्चित हुँदा कमाउन नपाई घर धान्न कठिनाई भइरहेको अवस्था पनि कार्यपत्रमा प्रष्ट उल्लेख भएको थियो । कार्यपत्रमा सुकुम्वासीहरूले वैकल्पिक व्यवस्था अनुरूप सरकारले आफूलाई सुरक्षित बस्ने बासको व्यवस्था गरेरमात्र उठिबास गराओस भन्ने इच्छा व्यक्त गरेका थिए । कार्यपत्रमा सुभ्रावअनुरूप वाग्मती किनारमा बसेका सुकुम्वासीका बारेमा गम्भिर भएर अध्ययन

गरिनुपर्ने र उठीबास गराउँदा कुनै पनि परिवार सडकमा नआउने गरी बिकल्पहरू तयार गरिनुपर्ने र राज्यले कुनै पनि हालतमा महिला तथा बालबालिकाको गास, बास र कपासको अधिकारको हनन गर्न नपाइने बारे प्रष्ट पारिएको थियो ।

कार्यपत्रमा आफ्नो मन्तव्य राख्ने क्रममा रेनु राज भण्डारीद्वारा नेपाल विभिन्न अन्तराष्ट्रिय मानव अधिकार सन्धि, महिला विरूद्ध हुने सबै प्रकारको भेदभाद सम्बन्धि महासन्धि (सीड) र बाल अधिकार सम्बन्धी महासन्धिको पक्ष राष्ट्र भएता पनि महिला, बालबालिका र अपाङ्गको गाँस, बास र कपासको अधिकारको सुनिश्चितता गर्न नसकेको बताउनुभयो । वाग्मती नदी किनारमा बस्दै आएका सम्पूर्ण सुकुम्वासीहरूलाई डोजर प्रयोग गरी उठीबास गराउने राष्ट्रको योजना विल्कुलै अनुचित भएकोमा गुनासो पनि गर्नुभयो । उहाँले सुकुम्वासी वस्तीका व्यक्तिहरू राज्यको विकासमा साथ दिन तयार भइरहेको अवस्थामा राष्ट्रले उनीहरूको हित हुने विकल्पहरू तयार गरी योजनाहरू बनाउनुपर्ने आवश्यकता रहेको पनि बताउनुभयो ।





सुकुम्बासी मोर्चाका अध्यक्ष नारायण परिश्रमिले सरकारले सुकुम्वासीका अधिकारहरूको हनन् गरिरहेकामा गुनासो गर्नुभयो । सरकारले उनीहरूसँग कुनै पनि औपचारिक वार्ता नगरेको र एक्कासी उठीबास गराउने योजना ल्याएको बताउनुभयो । उहाँले सुकुम्वासीहरूमा मानसिक तनाव भइरहेको कारण  राष्ट्रले उनीहरूलाई उचित बसोबासको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

त्यसैगरी, भौतिक योजना मन्त्रालयका सहसचिव महेन्द्र सुब्बाद्वारा देशमा सुकुम्बासी बढिरहेको अवस्थामा सरकारले यस समस्याको हल गर्न नसकिरहेको उल्लेख गर्नुभयो । यसैमाथि, उपत्यकाका सुकुम्वासीहरूले राष्ट्रसँग विकल्पमा उपत्यकाकै जग्गा माग गरेको हुँदा राष्ट्रले यो महँगो माग पुरा गर्न नसकेको पनि बताउनुभयो ।

कार्यक्रममा, सहभागीहरूले आफ्नो कुरा राख्ने क्रममा राष्ट्रले सुकुम्वासीहरूको समस्याहरूलाई बेवास्ता गरिरहेको र गरिबीलाई हटाउनुको साट्टा गरीबलाई नै हटाउने राष्ट्रको नीतिप्रति गुनासो गरे । सहभागीहरूमध्ये केही सुकुम्वासीहरूले राष्ट्रले  वास्तविक सुकुम्वासीहरूको पहिचान गरी उनीहरूलाई उपत्यकामा नै सुरक्षित थाई आवासको व्यवस्था गर्नुपर्ने बताए । केहीले राष्ट्रको योजनाले सुकुम्वासी

बालबालिकाहरूप्रति नकरात्मक असर परेको र उनीहरूको भविष्यमाथि प्रत्यक्ष खेलवाड भइरहेको आरोप लगाए ।

महिला मानव अधिकार रक्षक राष्ट्रिय संजालका सचिवद्वारा सुकुम्वासीहरूको समस्याप्रति राष्ट्रको ध्यान जानुपर्ने आवश्यक रहेको र सरकारले वार्ताबाट यस समस्याको हल चाँडो भन्दा चाँडो गर्नुपर्ने बताउनुभयो ।

अन्तिममा, राष्ट्रिय महिला आयोगका अध्यक्ष शेष चाँदताराज्यूद्वारा कार्यक्रममा प्रस्तुत भएको कार्यपत्र निकै महत्वपूर्ण रहेको र सुकुम्वासीहरूको समस्याप्रति सरकारको ध्यान जानुपर्ने आवश्यक रहेको बताउनुभयो । उहाँले सुकुम्वासीहरू नदीको किनारमा निकै जोखीमपूर्वक जीवन बिताइरहेको हुँदा उनीहरूको लागि सरकारले उचित विकल्पको व्यवस्था गर्नुपर्छ भन्दै कार्यक्रममा उपस्थित सबै सहभागीहरूलाई धन्यवाद दिंदै कार्यक्रमको समापन गर्नुभयो ।